चौदण्डिगढि नगरपालिकाको आयोजनामा राष्ट्र र समाजका लागि योजना र कार्य पानस उदयपुरको सहजीकरणमा
चौदण्डिगढि नगरपालिका सभा हलमा आ.ब.०७८/७९ को तेस्रो चौमासिक अवधिको सम्पन्न
सार्वजनिक सुनुवाई कार्यकमको प्रतिवेदन
२०७९/०३/३० बेल्टार

पृष्ठभुमि :
स्थानीय स्वायत्त शासन ऐन २०५५, को परिच्छेद ८ ले नगरपालिकालाई राजस्व अधिकार प्रदान गरेको र दफा २३६ वमोजिम नेपाल सरकारले अनुदान दिने व्यवस्था गरेको छ। स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ 'घ' ले यस्तो रकम प्रवाह गर्दा न्यूनतम शर्त तथा कार्यसम्पादन सूचकको आधारमा स्थानीय निकायहरूको मूल्याङ्कन गरी स्थानीय निकायलाई दिइने वार्षिक अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायहरूलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गरेको छ। सो व्यवस्था कार्यान्वयन गर्न नेपाल सरकार स्थानीय निकाय वित्तीय आयोगले "नगरपालिकाका लागि न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६६" तर्जुमा गरी लागू गरेको छ।
नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि (परिमार्जन र संशोधन सहित ),२०६६ जारी गरिएको छ । उक्त कार्यविधि अनुसार कार्यसम्पादन मापन कार्यक्षेत्र समुह नं.१ स्थानीय शासन सुचक नं.८ पुरा गर्न,नगरपालिकाले प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नु पर्ने हुन्छ। कार्यविधि अनुसार स्थानीय निकायले सार्वजनिक सुनुवाइको बहसलाई विषय केन्द्रित गराउन एक जना सार्वजनिक सुनुवाइ सहजकर्ताको व्यवस्था गर्नुपर्नेछ । चौदण्डि नगरपालिका उदयपुरले सोहि अनुरुप राष्ट र समाजका लागि योजना र कार्य पानस उदयपुरको सहजीकरणमा आर्थिक वर्ष ०७८/७९ को तेस्रो चौमासिक अवधिको सार्वजनिक सनुवाई कार्यक्रम २०७९/०३/३० गतेका दिन चौदण्डिगढि नगरपालिका सभा हलमा संचालन गरि सम्पन्न गरेको छ। राष्ट्र र समाजका लागि योजना र कार्य पानस उदयपुरले सम्पन्न उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको निम्न अनुसार प्रतिवेदन तयार गरि नगरपालिकमा पेस गरेको ब्यहोरा अनुरोध छ।

सार्वजनिक सुनुवाइको उद्देश्य :
१ चौदण्डिगढि नगरपालिका उदयपुर बाट संचालित विकास कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि वा असन्तुष्टि जानाउने ।
२ सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने ।
३ नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउने ।
४ न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सुचक पुरा गर्ने ।
५ सुशासन संस्कारको बिकास गर्ने ।

**कायक्रमको संक्षिप्त जानकारी :**
सार्वजनिक सुनुवाइ संयोजन गर्ने : राष्ट्र र समाजका लागि योजना र कार्य पानस उदयपुरको
सुनुवाई गरिएका विषयवस्तुहरु:
संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा आदिको वारेमा सन्तुष्टि असन्तुष्टि जे छ खुल्ला राख्ने ।
सेवाको नियमितता र सेवाको गुणस्तर कस्तो छ।
सेवाप्रतिको जनविश्वास,सेवा सम्बन्धी जानकारीको अवस्था कस्तो छ।
नगरिक बडापत्र,उजुरी पेटिका,गुनासो रजिष्टर र गुनासो सुन्ने अधिकारीको व्यवस्था कस्तो छ।
सिफारिस,पूर्वाधार तथा सरसफाई,आफ्नो अनुभव र पारदर्शिता सम्बन्धी अवस्था कस्तो छ।
हाका-हाकी प्रश्न उत्तर तथा छलफल भएको थियो ।

Plan And Action for Nation And Society
Estd. 2072
T.M.-2, Udayapur

कार्यक्रम आयोजना स्थल :– चौदण्डिगढि नगरपालिका सभा हल
कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७९ असार ३०

कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : तीन घण्टा

**उपलब्धिहरु :**

चौदण्डिगढि नगरपालिका उदयपुरको सामाजिक जिम्मेवारी प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने नगरपालिकाको सामाजिक दायित्वमा टेवा पुगेको छ ।

कार्यविधि र प्रकृया :

१. सार्वजनिक सुनुवाईको पुर्व तयारी (अधिकारीहरुसंग सम्पर्क,सहभागिहरुको चयन,मिति समय र स्थान को छनौट तथा सन्दर्भ सामग्री अध्ययन र समिक्षा)गर्ने,

२ सार्वजनिक सेवा प्रवाह,नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत सम्वन्धी प्रतिवेदन तयार गर्ने

३ सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने

४ नगरपालिकालाई प्रतिवेदन बुझाउने

सहभागीहरु : तपशिल अनुसारको क्षेत्रवाट प्रतिनिधित्व भएको यस सार्वजनिक सुनुवाईमा १५० जनाको सहभागिता रहेको थियो ।

नगरपालिकाका जनप्रतिनिधिहरु,नगरपालिका पदाधिकारी अन्य बिषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु । स्थानिय सेवा प्रदायक संस्थाहरु,उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु र आम उपभोक्ताहरु,नागरिक समाजका प्रतिनिधिहरु, सरोकार राख्ने नागरिकहरु,पेशा तथा व्यवसायिहरु,संचारकर्मिहरु,एकिकृत योजनातर्जुमा समितिका सदस्यहरु,लक्षित बर्ग समुदायका प्रतिनिधिहरु,वडा नागरि मंच,टोल बिकास संस्था,सामाजिक परिचालकहरु ।

कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लाग्यो,कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

Plan And Action for Nation And Society
Estd. 2072
T.M. 2, Udayapur

सार्वजनिक सुनुवाई पूर्व गरिएको अभिमत संकलनमा प्राप्त भएका राम्रा तथा सुधार गर्नु पर्ने पक्ष

| राम्रो लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| • (१) समयमा काम हुने गरेको छ नबुझेको कुरा सोध्दा भनिदिनु भएको छ | • (१) टोल सुधार समिति गठन गरी सेवा सम्बन्धी जनचेता बढाउने |
| • (२) कर्मचारी मिलनसार भएको पाईएको छ | • (२) योजना तर्जुमा गर्दा योजनाको सहि छनौट गरी सहि रुपमा योजनाको बजेट विनियोजन गर्नु पर्ने । |
| • (३) योजनाको कामहरुमा कुनै पनि पाटी नछुट्याई काम हुने गरेको | • (३) कार्यालयमा जाँदा राम्रो संग काम गरिदिनु हुन अनुरोध छ |
| • (४) कार्यालयमा काम लिन जादा व्यावहार राम्रो छ | • (४) नगरपालिकामा हुने योजनाहरुको जानकारी सबै नागरिकलाई हुन जरुरी छ |
| • (५) भौतिक संरचना एवंम कार्यालय व्यवस्थापन राम्रो भएको पाईयो | • (५) प्राविधिक कर्मचारीबाट योजना मुल्यांकन गर्दा ज्यादै झन्झटिलो र अस्पष्टता |
| • (६) कार्यालय प्रमुखले नभएको कामहरु आफै उठेर कर्मचारीहरुलाई भन्ने गरेको पाईयो | • (६) योजना संचालन गर्दा सबै नागरिकले सहजतरिकाले उपभोक्ता समितिमा रहेर काम गर्न सक्ने तरिकाको हुनु पर्छ |
| • (७) नबुझेको नजानेको कुराहरु कर्मचारीले राम्रो ढंगबाट स्पष्ट पारिदिने गरेको छ | • (७) सेवाग्राहिलाई स्पष्ट हुने गरी जुनसुकै कामको लागि पनि प्राविधिकहरुलाई खटाई सहज रुपमा र छिटो तरिकाले काम गर्ने व्यवस्था मिलाउनु पर्छ |
| • (८) नगरपालिकाको नयाँ भवनमा सोधपुछ कक्ष स्थापना गरेर सेवा दिइएको राम्रो पाईयो | • (८) वडा नम्बर २ को अधिंकास बाटोहरु राम्रो छैन, आफ्नो वडा कार्यालय पनि छैन छिटै बनाउनु पर्छ |
| • (९) कार्यालयमा आउदाँ टाढाबाट आएका नागरिकलाई काममा प्राथमिक्तामा राख्ने गरेको पाईयो | • (९) सिवाई हडिया सडकमा धेरै धुलो उडेर जनतालाई सास्ती खेप्नु परेको छ |
| • (१०) नजानेको कुरा स्पष्ट पार्ने हौसला दिने दलितको हकहितमा आएका योजना सम्बन्धि जानकारी गराउने दलितको कामलाई प्राथमिक्ता दिने गरेको पाईयो | • (१०) कहिले-काहि फायल लियर धेरै पटक धाउनु पर्छ झन्झटीलो काम लगाउनु भएन |
| • (११) आफुले पेस गरेको कागजात छिटो काम कार्य हुने गरेको छ, सेवाग्राहिले माग गरेको कुराहरु उपलब्ध हुने गरेको छ । | • (११) योजनाहरुको काम गर्दा सहजीकरण गर्ने गराउने सम्पर्क व्यक्तिको व्यवस्था मिलाउनु पर्छ |
| • (१२) नगरपालिकाको सबै वडाहरुमा स्वास्य सेवा राम्रो संग पाईएको छ । | • (१२) विभिन्न योजना तथा कार्यक्रमहरुमा महिला, दलित र पिछडिएको क्षेत्रलाई सक्दो सहभागी गराउनु पर्छ |
| • (१३) नगरपालिकामा आधारभुत अस्पताल बन्दै छ स्वास्थ्यमा राम्रो प्रयास गरिएको पाईयो | • (१३) कार्यालय समयमा कर्मचारीहरीहरु सामाजिक संजालमा व्यस्त हुनु भएन |
| • (१४) युवाहरुलाई खेलकुद क्षेत्रमा प्रोत्साहन गरेर सक्षम नागरिक बनाउने नगरको काम राम्रो छ | • (१४) ३ नम्बर वडाको बुधबारे देखि पशिचममा रहेको करौजे खोलामा पक्की पुल बनाउनु पर्छ |
| | • (१५) ३ नम्बर वडामा सगरमाथा माविलाई उच्च मावि बनाईनु पर्छ |
| | • (१६) आमसाल देखि रानीटार सम्म पिच गरिदिनु पर्छ |
| | • (१७) नगर तथा वडाले महिलाहरुको शिप क्षमताको लागि तालिमको व्यवस्था गरिनु पर्छ |
| | • (१८) गरिब भएका घरका व्यक्तिलाई धेरै रोजगार |

...and Action for Nation And Society Estd. 2072

| | |
|---|---|
| [illegible] कृषकहरुलाई प्रोत्साहन गरेको पाईयो [illegible] गाउँ गाउँमा आवश्यक्ता अनुसारको [illegible] दिएर स्वरोजगार बनाउने अभियान राम्रो लाग्यो | दिनुपर्छ<br>• (१९) वडा कार्यालयमा वडा प्रतिनिधिहरु अफिसमा सबै दिन उपस्तिथी हुनु पर्छ,<br>• (२०) एकल महिला, जेष्ठ नागरिक र असक्तहरुलाई छिटो काम गर्दिनु पर्छ |

**उठेका प्रश्न/जिज्ञासा र उत्तर:**

| क्र.स. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो/सुझाव | सहभागीको प्रश्न तथा गुनासो माथि व्यक्त गरिएको बिषयहरु |
|---|---|---|---|
| १ | अन्जनी अधिकारी चौदण्डिगढी नगरपालिका ७ उदयपुर | (क) सार्वजनिक सुनुवाईको सहजीकरण गर्ने प्रस्तुतीमा भनिएको वडापत्र नगरिपालिकामा कहाँ छ ? कसरी उत्तर दिए सुझाबदाताले ? वहिर्गमन अभिमत तथा नागरिक प्रतिवेदन पत्र कस्ता सेवाग्राहि र कहाँ कहाँ सोधिएको हो ।<br>(ख) नगरपालिकाको फोहोर व्यवस्थापन कसरी गरिन्छ | **पानस उदयपुरबाट व्यक्त**<br>(१) सार्वजनिक सुनुवाईको लागि अभिमत संकलन नगरपालिकाबाट सेवा लिएका तथा विभिन्न वडाहरुमा सेवा लिएका नागरिकहरु संग अभिमत संकलन गरिएको हो ।<br>(ख) नगरपालिकाको नयाँ भवनमा वडापत्र व्यवस्था छैन तर पुरानो भवन तथा वडाहरुमा भने नागरिक वडापत्र रहेको छ । नयाँ भवनमा पनि वडापत्र राख्नका लागि सुझाव दिईएको छ । |
| २ | अधिराज राई | (क) नगरपालिका क्षेत्रमा कहिलेकाहि विद्युतको समस्या छ त्यसलाई सुधार गरियोस भन्ने सुझाब छ । | कालुमान लामा<br>नगर प्रमुख बाट प्राप्त व्यक्त<br>(१) फोहोर गम्पीङ साईडको व्यवस्थापन गरिने |

Action for Nation And Society 2072

| | | | |
|---|---|---|---|
| | | (ख) नगरपालिकामा नागरिकहरुले फाइल लिएर आउदाँ कतिपय काम हुन्छ कतिपय काम रोकिन्छ किन होला ।<br>(ग) खानेपानी उपभोक्ता समिति नगरपालिकाको स्वामित्वमा रहनु पर्छ । | छ जहाँ खानेपानीको समेत मुहान भएकाले त्यसको संरक्षण संगै जनता संग छलफल गरेर उचित व्यवस्थापन गर्ने नगरपालिको तयारी छ । (२) नगरपालिकामा कार्य प्रगतिको लागि करार सम्झौता गरिने छ । सिसि क्यामेराबाट कर्मचारीहरुले दैनिक प्रशासनिक सेवा दिएको निगरानी गरिने छ । कार्य सम्पादनको आधारमा मासिक मुल्यांकन गरिने छ । मासिक लक्ष्य निर्धारण गरेर कर्मचारीलाई करार सेवामा सम्झौता ग री काम लगाईने छ । |
| ३ | भक्त राई | सार्वजनिक सुनुवाईको लागि सुझाब संकलन कस्ता व्यक्ति र कहाँ कहाँ गरियो | |
| ४ | दल बहादुर नेपाली | (क) सार्वजनिक सुनुवाईको लागि सुझाब संकलन गर्दा सबै क्षेत्रमा पुगेर सबैको प्रतिनिधित्व हुने गरि सुझाब संकलन गर्नका लागि आग्रह छ ।<br>(ख) दलित समुदायको लागि नगरपालिकाका विभिन्न वडाहरुमा बजेट बिनियोजन भएको छैन, यसरी कसरी दलित बर्गको उत्थान हुन्छ दलित समुदायको लागि बजेट बिनियोजन गर्ने गरियोस ।<br>(ग) किसानहरुले मल पाएका छैनन् कहिले पाउछन् किसानले मल । | (३) शिक्षा क्षेत्रको विकासको लागि सरकारी विद्यालयमा अध्यापन गराईरहको शिक्षक शिक्षिकाहरु संग शिक्षा समितिबाट करार सम्झौता गरी काम गरिने छ ।<br>(४) विद्यार्थी कम भएका विद्यालयलाई अर्को विद्यालय संग गाभ्ने तथा विद्यार्थी संख्या कम भएका विद्यालयमा शिक्षक दरबन्दी थप गरिने छ ।<br>(५) चौदण्डिगढी नगरपालिका भित्र दुई क्याम्पस रहेका छन्, दुवै क्याम्पसलाई संचालन गर्नका लागि विद्यार्थीहरुलाई स्थानिय क्याम्पसमानै अध्यापन गराउनका लागि पूर्णकालिन रुपमा क्याम्पस संचालनको लागि प्राचार्य नियुक्त गर्ने तयारी रहेको छ ।<br>(६) खोलाबाट निकालिने ढुंगा गिटि निकालेर खोलाकै नियन्त्रण गर्नका लागि खर्च गरिने प्रतिबद्धता छ । खोला छेउछाउ बस्ने जनताले दिएको सुझाब सल्लाहलाई नगरपालिकाले सदैब स्वागत गर्ने छ । सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत जनताका गुनासोहरु खाएका छन् त्यसलाई सके समम्म गुनासो आउन नदिनको लागि प्रयास गरिने छ ।<br>(७) पुरानो खानेपानीको व्यवस्थापनको लागि खानेपानी व्यवस्थापन समिति गठन गरेर खानेपानी पाइपलाइनको व्यवस्थापन गरिने छ । खानेपानी समितिहरुलाई यथासिघ्र बार्षिक साधरण सभा तथा हिसाब सार्वजनिक गरि |
| ५ | कृष्ण प्रसाद चौधरी चौनपा १० उदयपुर | (क) चौनपा १० राजानी टोल विकास समितिमा खोला नियन्त्रणको लागि २५/३० वटा जालिको आवश्यक्ता छ उपलब्ध गराईदिनु भए सहज हुने छ । | |
| ६ | | (क) नगरपालिकाले ढुंगा गिटि बालुवाको विक्रिबाट प्राप्त हुने कर तथा राजश्व स्थानिय खोला तथा खहरे नियन्त्रण गर्नका लागि खर्च गरिनु पर्छ । | |
| | | | |
| | | | |
| ७ | दिप तामाङ | सिमेण्ट कारखानाले रातो माटोको लागि वडाबासीलाई उठाउने भन्ने कुरा आएको | |

| | | | |
|---|---|---|---|
| | | छ। वडा नम्बर ६ र ७ का बासीन्दालाई विस्तापी तनगरिदिनहुन अनुरोध छ। | नयाँ समिति मार्फत काम गराईने छ।<br>(८) गाउँको विकास बजारको व्यवस्थापन गर्ने गरी चौदण्डिगढी नगरपालिकाले सिमित साधनस्रोतबाट शिक्षा, स्वास्थ्य, पूर्वाधारमा कसरी अगाडि बढ्ने, बजार व्यवस्थापन समितिको ऐन, कार्यनिति ल्याउने, बजारको आवश्यक्ताहरुको पहिचान गर्ने, शब्जी बजार, मासु कटिङ, ट्याम्पु स्टेन, बसपार्क लाई व्यवस्थापनका लागि सोच बनाएको छौ त्यसलाई छिट्टै योजना बनाएर कार्यान्वयन गर्ने छौ। |
| | वडा नम्बर ६ | | |
| ८ | धनबहादुर राई | बेल्टारमा संचालित श्रीपंचमी खानेपानी स्थानिय नागरिकहरुले भने जस्तो उपभोग गर्न पाएका छैनन्। | |
| ९ | आङदण्डी राई चौनपा ८ | बंसीलाघाट जाने बाटो मर्मत गरिनु पर्छ। खेतमा पानी लग्नको लागि बाटोबाट पानी लग्नु परेकाले समस्या भएको छ। पाइब बिछ्याउने काम भए राम्रो हुने थियो। | |
| १० | मोहन कुमार पौडेल वडा नम्बर ७ | बजारमा महङगी बढेको छ। बजार अनुगमन निरन्तर गरिनु पर्छ। जनप्रतिनिधिहरुले जनअपेक्षा बमोजिमको काम गरिनु पर्छ। | (९) ५ बर्षे अवधिमा बेल्टार बजार, हडिया, सनिवारे, बीरेन्द्रबजार, बसाह बजार आदिलाई व्यवस्थापन गनै।<br>(१०) थाना लाइन जोडिने बाटो ९ करोड घाटा बजेटलाई सुन्यमा झार्नु पर्ने छ। घाटा बजेट ९ करोडबाट ६ करोडमा झार्ने लक्ष्य आगामी आर्थिक बर्षको रहेको छ।<br>(११) पर्यटकीय क्षेत्र ऐतिहासिक चौदण्डिगढी दरबार क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ।<br>(१२) कृषि तथा पशु क्षेत्रमा विभिन्न विउ विजन बाखा बंगुर आदी दिएको तर अनुगमनको अभावमा लगानीको के कस्तो अवस्था छ थाहा नभएको र त्यसलाई अनुगमन गरेर अघि बढ्ने। |
| ११ | कृष्ण नेपाली चौनपा ५ | (क) त्रियुगा पुल निर्माण नहुदाँ २ नम्बर प्रदेश पुगेर आफ्नो नगरपालिका आउनु पर्ने बाध्यता छ त्यो कहिले सम्म हट्ला।<br>(ख) दलित सिफारिसको लागि ३०० लिने गरिएको छ यो त धेरै भयो दलित समुदायलाई नगरपालिकाले विशेष प्राथमिक्ता दिईनु पर्छ। | |
| | | | |

चौदण्डिगढी नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई २०७९ असार ३० गते चौदण्डिगढि नगरपालिका सभा हलमा आयोजित कार्यक्रमको केहि झलकहरु

ढी नगरपालिकाको आर्थिक बर्ष २०७८/०७९ तेस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई २०७९ असार ३० गते चौदण्डिगढि नगरपालिका सभा हलमा आयोजित कार्यक्रमको केहि झलकहरु









